# विदुर नगरपालिका

## विपद्को समयमा असाहय गरिवहरुलाई राहत वितरण सम्बन्धि कार्यविधि २०७६

**प्रस्तावना :**

संसार भर महामारिको रुपमा फैलिएको कोभिड १९ ( कोरोना भाइरस ) का कारण नेपाल समेतलाई प्रभावित पारेको वर्तमान अवस्थामा सो वाट वच्न वचाउन नेपाल सरकारद्धारा देश भर जारी लक डाउनको समयमा वा सो पश्चात समेत दैनिक ज्याला मजदुरी गरी जिविकोपार्जन गर्ने असाहय गरिव ,भोका नांगा नागरिकहरुको दैनिक गुजारा चलाउन समेत मुस्कील भएको अवस्थामा त्यस्ता नागरीकहरुको पहिचान गरी राहत वितरण गर्न तथा सो महामारी विपद व्यवस्थापन का लागि सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवास्थापन गरि वर्तमान बिपदबाट सर्वसाधारणको जिउज्यानको संरक्षण गर्न कोभिड १९ ( कोरोना भाइरस ) कारण समस्यामा परेका दैनिक गुजारा गरी जिविकोपार्जन गर्ने असाहय गरिवहरुलाई राहत वितरण गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ ‘न‘ मा भएको व्यवस्थालाई कार्यान्वियन गर्न दफा १०२ को उपदफा २ को अधिकार प्रयोग गरी विदुर नगरपालिकाले यो कार्यविधि वनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

क) यस कार्यविधिको नाम“ **विपद्को समयमा असाहय गरिवहरुलाई राहत वितरण सम्बन्धि कार्यविधि २०७६”** रहेको छ ।

ख) यस कार्यविधि विदुर नगरपालिका भर लागु हुनेछ ।

ग) यो कार्यविधि विदुर नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट स्विकृत भई स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय र प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **‘असाहय गरिव’** भन्नाले जीविकाको लागि कुनै ठोस विकल्प नभएको, वा सो जोड्न सक्ने कुनै साधन श्रेष्ता नभएका, भुमिहिन तथा निःसहाय दैनिक ज्याला मजदुरी गर्ने जुनसुकै व्यक्ति एवम् निज प्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउछ ।

(ख) **राहत वितरण तथा व्यवस्थापन** समिति भन्नाले दफा ३ क बमोजिम गठित समितिलाई सम्झनु पर्दछ .

(ग) **कोष** भन्नाले दफा ७ बमोजिमको विपद अवस्थामा राहत एवं आवस्यक सगयोगको लागी खडा गरीएको कोष सम्झनु पर्दछ ।

(घ) **प्राकृतिक विपद** भन्नाले तोकिए बमोजिमका विपद सम्झनु पर्दछ ।

ङ) **सार्वजनिक संस्था** भन्नाले सरकारी निकाय ,सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानुन बमोजिम स्थापना भएका सङ्गठित सस्था वा सवै प्रकारका स्वास्थ्य तथा शैक्षिक सस्था सम्झनु पर्दछ ।

## परिच्छेद -२

## राहत वितरण तथा व्यवस्थापन समिति गठन तथा काम ,कर्तब्य र अधिकार

**३) राहत वितरण तथा व्यवस्थापन समिति गठन**

**क) विदुर नगर पालिकामा तपशिल बमोजिमको रातह वितरण तथा व्यवस्थापन समिति गठन गरिनेछ ।**

१. नगरपालिका प्रमुख - अध्यक्ष

२. नगर कार्यपालिका सदस्य ५ जना - सदस्य

३. नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत : सदस्य सचिव

४. नेपाल पत्रकार महासंघ, स्थानिय स्तरमा नेपाल रेडक्रस सोसाइटी, स्थानीय गैरसरकारी संस्था, अपांगता भएका व्याक्तिको समन्वय समिति, निजि क्षेत्र, सहकारी, सामुदायिक संस्था, विद्यालय व्यवस्थापन समिति, स्थानीय शिक्षक, स्वास्थ्यकर्मी, प्रहरी, वा महिला समूह मध्ये प्रमुखले मनोनित गरेका (३ जना (यसमा महिला, वालवालिका, युवा, शिक्षक तथा अपाङ्गता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिक, र दलितलाई प्राथमिकता दिनुपर्नेछ । ) आमन्त्रीत सदस्य ।

**ख) राहत वितरण तथा व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार**

१) संसार भर महामारिको रुपमा फैलिएको कोभिड १९ ( कोरोना भाइरस ) का कारण नेपाल समेतलाई प्रभाभित पारेको वर्तमान अवस्थामा सो वाट वच्न वचाउन नेपाल सरकारद्धारा देश भर जारी लक डाउनको समयमा वा सो पश्चात समेत दैनिक ज्याला मजदुरी गरी जिविकोपार्जन गर्ने असाहय गरिव विदुर नगर पालिका भित्र वसोवास गर्ने नागरिकहरुलाई दैनिक गुजारा चलाउन समेत मुस्कील भएको अवस्थामा त्यस्ता नागरीकहरुको पहिचान गर्ने , लगत संकलन गर्ने , ।

२) महामारीको कारण समस्यामा परेका व्यक्तिहरुको वास्तविक अवस्था पत्ता लगाउने ।

३) जोखिम क्षेत्रको नक्सांकन तथा बस्तीहरुको पहिचान गर्न ।

४) खोज तथा उदार समन्वय ,राहत सामाग्रीको पुर्व भण्डारण ,बितरण गर्न ।

५) विदुर नगर पालिका भित्र विपद पुर्व तयारि तथा कार्य योजना निर्माण गरी लागु गर्ने तथा सो को अनुगमन गर्ने गराउने ।

६) महामारीवाट प्रभावित लक्षित समुदायलाई राहत वितरण एवं व्यवस्थापनको लागी संघ ,प्रदेश र स्थानीय समुदाय संघसस्था तथा निजि क्षेत्रसंग सहयोग ,समन्वय र सहकार्य गर्ने ।

७) विपद अवस्थामा राहत एवं आवश्यक सहयोगको लागी कोषको स्थापना तथा संचालन र स्रोत साधनको परिचालन गर्ने ।

८) जोखिम न्यूनीकरण सम्बन्धि स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन अनुगमन तथा नियमन

९) स्थानिय स्तरको विपद सम्बन्धि तथ्यांक, व्यवस्थापन र अध्ययन र अनुसन्धान गर्ने ।

१०) स्थानीय आपतकालीन कार्य संचालन गर्न गराउन आवश्यकता अनुसार संयन्त्र परिचालन गर्न ।

११) महामारी व्यवस्थापन सम्बन्धि अन्य कार्य गर्ने गराउने ।

१२) स्थानीय विपद् व्यवस्थापन सिमितिको सिफारिस र नगर राहत वितरण तथा व्यवस्थापन समितिको निर्णय अनुसार नगरपालिकाद्धारा भुक्तानीको व्यवस्थापन गर्ने ।

## परिच्छेद-३

## कोष सञ्चालन एवम् व्यवस्थापन

**४) राहत वितरण कोषको स्थापना :**

(१) महामारिको रुपमा फैलिएको कोभिड १९ ( कोरोना भाइरस ) का कारण नेपाल समेतलाई प्रभाभित पारेको वर्तमान अवस्थामा सो वाट वच्न वचाउन नेपाल सरकारद्धारा देश भर जारी लक डाउनको समयमा वा सो पश्चात समेत दैनिक ज्याला मजदुरी गरी जिविकोपार्जन गर्ने असाहय गरिव विदुर नगर पालिका भित्र वसोवास गर्ने नागरिकहरुलाई दैनिक गुजारा चलाउन समेत मुस्कील भएकोले निजहरुलाई तत्काल राहत वितरण गर्नु पर्ने भएकोले सो राहत वितरणको लागी विदुर नगर पालिकामा एक कोषखडा गरिनेछ ।

(२) उपनियम (१) बमोजिम बनेको कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

(क) नगरका पदाधिकारी एवम् कर्मचारीले प्रदान गरेको रकम ।

(ख) नगर पालिकाद्वारा विनियोजन गरिएको रकम ।

(ग) दातृ निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससबाट कोषको नाममा सोझै प्राप्त रकम ।

(घ) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

**५) कोषको प्रयोग**

(१) कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछ ।

(क) महामारिको रुपमा फैलिएको कोभिड १९ ( कोरोना भाइरस ) का कारण नेपाल सरकारद्धारा देश भर जारी लक डाउनको समयमा वा सो पश्चात समेत दैनिक ज्याला मजदुरी गरी जिविको पार्जन गर्ने असाहय गरिव विदुर नगर पालिका भित्र वसोवास गर्ने नागरिकहरुको पहिचान गरी निजहरुलाई तत्कालिन राहत (खाद्यान्न एवं नगद ) वितरण गर्न ।

(ख) विपदबाट असर परेको वा पर्नसक्ने व्यक्तिको उद्धार र संरक्षण गर्ने ।

(ग) कोभिड १९ ( कोरोना भाइरस ) का संक्रमितको लागी छुटै बसोबासको प्रबन्ध मिलाउन ।

(घ) विपद पश्चात् तत्कालिन खाद्यान्नको लागि आर्थिक सहायता व्यवस्था गर्न ।

(ङ) बिरामीको औषधी उपचार गर्ने ।

(च) गरिव असाय नागरिकहरुको कोभिड १९ ( कोरोना भाइरस ) बाट देहावसान तथा काजक्रियाको लागि मृतकका आफन्तका लागि आर्थिक सहायता गर्ने ।

(छ) माहामारीवाट वच्न वचाउनका लागी सचेतनामूलक कार्यक्रम गर्ने, पूर्व सावधानी अपनाउने वा पूर्व तयारी गर्ने ।

(२) वडा विपद् व्यवस्थापन समितिको सिफरिसको आधारमा नगर राहत वितरण तथा व्यवस्थापन समिति वा नगर प्रमुखको निर्णय अनुसार नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृत मार्फत कोषको रकम भुक्तानी दिईनेछ ।

**६) कोषको रकम प्रयोग गर्न नहुने :**

(१) दफा (५) मा जुनसुकै कुरा लेखिए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैन ।

(क) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई पारिश्रमिक, तलब भत्ता वा सुविधा उपलब्ध गराउन ।

(ख) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन ।

(ग) कसैलाई चन्दा, पुरस्कार, उपहार, अनुदान प्रदान गर्न ।

(घ) विपदसँग सम्बन्धित विषयमा बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउन ।

**७) कोष सञ्चालन :**

(क) कार्यविधिको दफा ३ वमोजिम स्थापना गरीएको कोषको संचालन राहत वितरण तथा व्यवस्थापन समितिद्धारा आवश्यकतावमोजिम निर्णय गरी गर्नेछ ।

ख) यस कोषबाट भए गरेका खर्चको नियमानुसार लेखा परीक्षण गराउनु पर्नेछ ।

**८) आर्थिक सहायता एवम् पूर्वतयारी योजना :**

(१) महामारिको जोखिममा रहेका क्षेत्रको Risk Assessment तथा Hazard Mapping को व्यवस्था गर्ने । यस कार्यको लागि समितिको निर्णय अनुसार वा समितिको अध्यक्ष स्तरबाट लागत अनुमान अनुसार खर्च गर्ने ।

(२) असाहय गरिवहरुलाई प्रकोपको समयमा तत्कालिन राहत वितरण गर्दा प्रति व्यक्ति प्रति हप्ता खाद्यान्न ५ के.जी. चामल, १ के.जी. दाल र ५०० ग्राम नुनका दरले र सोह्र(१६) वर्ष मुनिका नाबालिकहरुको हकमा माथि उल्लेखित परिमाणको आधा हुने गरि सम्बन्धित वडा विपद् व्यवस्थापन समितिको निर्णयानुसार सिफारिस गरि कुपन उपलब्ध गराउने ।

(३) प्राप्त कुपनबाट राहत सामग्री सम्बन्धित लाभग्राहीले नजिकको पायक पर्ने र तोकिएको पसलबाट उपलब्ध हुने । उक्त पसललाई संकलित कुपनको आधारमा भुक्तानी प्रदान गर्ने ।

(४) आवश्यक अनुसार सामाजिक एवम् गैरसरकारी संघ संस्थाको समेत सहयोग लिई विपद व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने ।

(५) असाहय गरिवहरुलाई कोरोना भाईरसको महामारी वाट मृत्यु भएमा सम्बन्धित अस्पताल र वडा विपद् व्यवस्थापन समितिको सिफारिसमा काजक्रिया वापत प्रति मृतक रु.१०,०००/-अक्षरुपी दश हजारका दरले आर्थिक सहायता उपलब्ध गराउने ।

(६) प्रकोपका विरामीहरुलाई सरकारी अस्पतालमा नेपाल सरकारले उपचारको प्रबन्ध मिलाएकोले उपचारका लागि अस्पताल पुऱ्याउने प्रबन्ध मिलाउने ।

## परिच्छेद ४
## बिबिध

### ५. विपद व्यवस्थापन कोष संचालन

नगरपालिकाले यस कार्यविधि अनुसार तयार वडास्तरमा संचालन गरिने विपद आकस्मिक सहयोग रकम वडास्तरीय विपद व्यवस्थापन समितिको निर्णय पश्चात वडामा समेत विनियोजन गर्न कुनै बाधा पर्ने छैन ।

### ६. समितिको बैठक :

क. समितिको बैठक आवश्यकता अनुसार बैठक बस्नेछ ।

ख. समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

ग. समितिको बैठक अध्यक्षको निर्देशनमा सचिवले बोलाइने छ ।

### ७. समितिको कार्यकाल :

क) यस कार्यविधि अन्तर्गत बनाइएका समितिको कार्यकाल तिन बर्षको कायम रहनेछ,

ख) समितिको गणपुरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको ५१% रहेको छ,

### ८. परिमार्जन तथा संशोधन :

यो कार्यविधिमा परिमार्जन एवं संशोधन गर्नुपर्ने भएमा संसोधनको प्रारूप तयार गरी कार्यपालिकाबाट पारित गरि राजपत्रमा पुन प्रकाशन गरे पश्चात सोही अनुरुप लागु गरिनेछ ।